# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं माघ १९ गते, २०७१ साल (संख्या ३६

## भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

अनुसूची- १

(दफा २ को खण्ड (ख) सँग सम्बन्धित)

(क) सार्वजनिक संस्थानहरुको नामावली

(१) दुग्ध विकास संस्थान, लैनचौर, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, कोटेश्वर, काठमाडौं ।

(३) जनकपुर चुरोट कारखाना लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं ।

(४) नेपाल औषधि लिमिटेड, ववरमहल, काठमाडौं ।

(५) नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लिमिटेड, बानेश्वर, काठमाडौं ।

(६) कृषि सामाग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौं ।

(७) राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौं ।

(८) नेपाल खाद्य संस्थान, भद्रकाली प्लाजा, काठमाडौं ।

(९) नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं ।

(१०) नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेड, बुद्धनगर, काठमाडौं ।

(११) नेपाल वायुसेवा निगम, नयाँ सडक गेट, काठमाडौं ।

(१२) नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं ।

(१३) सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

(१४) गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

(१५) जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानो ठिमी, भक्तपुर ।

(१६) नेपाल टेलिभिजन, सिंहदरवार, काठमाडौं ।



४८१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१७) ग्रामीण आवास कम्पनी लिमिटेड, पुल्चोक, ललितपुर ।

(१८) नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं ।

(१९) नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं ।

(२०) नेपाल दूरसंचार कम्पनी लिमिटेड (नेपाल टेलिकम), भद्रकाली प्लाजा, काठमाडौं ।

(२१) निक्षेप तथा कर्जा सुरक्षण निगम लिमिटेड, टङ्गाल, काठमाडौं ।

(२२) नेपाल आवास विकास वित्त कम्पनी लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं ।

(२३) नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं ।

(२४) जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, बबरमहल, काठमाडौ ।

(२५) गुठी संस्थान, काठमाडौं ।

(ख) विशेष ऐन अन्तर्गत स्थापित प्रतिष्ठान

कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।

आज्ञाले,

सुमनप्रसाद शर्मा

नेपाल सरकारको सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **आयोगको काम, कर्तव्य र अधिकार** : आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पहिलो ३ महिनाको कार्यादेश

(i) नेपाल सरकारको मिति २०५५।९।६ को निर्णयानुसार असरफी मण्डल समेत १५ परिवार र इन्दिरा कार्की समेतको ९ परिवारलाई जग्गा सट्टाभर्ना दिन पर्ने हो होईन एकिन गर्ने ।

(ii) जग्गा सट्टाभर्ना दिनुपर्ने भए सट्टाभर्ना दिने जग्गाको विवरण नाप, नक्सा समेत तयार गरी सिफारिस गर्ने ।

(iii) जग्गा सट्टाभर्ना दिन समस्या पर्ने भएमा अन्य वैकल्पिक व्यवस्थालाई समेत विचार गरी उपयुक्त विकल्प सहित समस्या समाधानको लागि सिफारिस गर्ने ।

(ख) पछिल्लो ३ महिनाको कार्यादेश

माथि उल्लेखित विषयको प्रतिवेदन सिफारिश साथ पेश गरेपछि निम्न कार्यको थालनी गरी सम्पन्न गर्ने ।

१. माथि (२) मा उल्लेखित २४ परिवार वाहेकको निवेदनहरुको हकमा सम्बन्धित जिल्ला वन कार्यालय, कोशी टप्पु वन्यजन्तु आरक्ष, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय र राष्ट्रिय निकुञ्ज तथावन्यजन्तु संरक्षण विभागसँग समन्वय गरी प्राप्त कागजातहरुको विस्तृत अध्ययन गरी एकिन प्रतिवेदन पेश गर्ने ।

२. आयोगबाट गरिने निर्णयले वन र वातावरण संरक्षणमा असर नपर्ने र अतिक्रमणको जोखिम बढ्न नदिने गरी





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय जनता बीचका समस्या पहिचान गर्ने र सो को व्यवस्थापन एवं समाधानको उपाय सिफारिश गर्ने ।

३. यस वर्ष गठन भएका तथा विगतका गठन भएका आयोग वा समितिले जग्गा समस्या समाधान गर्नको लागि संकलन गरेका कागज प्रमाण, काम प्रक्रिया/प्रयासहरु तथा सम्पूर्ण कार्य प्रगतिहरु समेत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी पेश गर्ने ।

४. यस भन्दा अगावै जग्गा सट्टाभर्ना दिई सकेका तर आरक्षको नाममा नामसारी नभएका जग्गाहरुको लगत नियमपूर्वक सम्बन्धीत आरक्षमा कायम गर्न सहयोग गर्ने ।

३. **आयोगको कार्यावधि** : आयोगको कार्यावधि ६ महिनाको हुनेछ ।

४. **आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा** :

(क) अध्यक्षको मासिक रु. छयालीस हजार दुई सय बीस र चालकको पारिश्रमिक र इन्धन वापत एकमुष्ट मासिक रु. पन्ध्र हजार ।

(ख) नेपाल सरकारबाट नियुक्त सदस्य शम्भुप्रसाद साह र शराजुद्दीन अन्सारीलाई पारिश्रमिक वापत मासिक रु. बत्तीस हजार एक सय र सवारी साधन, चालकको पारिश्रमिक र इन्धन वापत एकमुष्ट मासिक रु. बीस हजार ।

आज्ञाले,

**शरदचन्द्र पौडेल**

नेपाल सरकारको सचिव



४८५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार
## संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको
### सूचना १

नेपाल सरकार (मा. मन्त्रीस्तर)को मिति २०७१।१०।०६ को निर्णयानुसार बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ३ को उपदफा(४)ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) को खण्ड (क), (ख) र (ठ) बमोजिम अध्यक्ष, सदस्यहरू र कार्यकारी निर्देशक पदमा रहेका साविकका पदाधिकारीहरूलाई हेरफेर गरी देहाय बमोजिमका व्यक्तिहरूलाई मनोनयन गरिएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. श्री भुम्वो छेवाङ्ग लामा, काठमाण्डौ महानगरपालिका, वडा नं ६ तीनचुली, बौद्ध – अध्यक्ष
२. श्री लक्ष्मण लामा, काठमाण्डौ महानगरपालिका,वडा नं ६ टुसाल, बौद्ध – सदस्य
३. श्री माया कुमारी लामा, काठमाण्डौ महानगरपालिका, वडा नं ६ बौद्ध – सदस्य
४. श्री सतिश पाखिन लामा, काठमाण्डौ महानगरपालिका, वडा नं ६ बौद्ध – सदस्य
५. श्री सानु कान्छा लामा,काठमाण्डौ महानगरपालिका, वडा नं ६ – सदस्य
६. श्री ज्योति लामा,काठमाण्डौ महानगरपालिका, वडा नं ६ – सदस्य
७. श्री बसन्त लामा,काठमाण्डौ महानगरपालिका, वडा नं ६ – कार्यकारी निर्देशक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७१।१०।०६ को निर्णयानुसार बूढानीलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम सदस्य पदमा रहेका साविकका पदाधिकारीहरूलाई हेरफेर गरी देहाय बमोजिमका व्यक्तिहरूलाई मनोनयन गरिएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. श्री विजय तामाङ्ग, साविक विष्णु बूढानीलकण्ठ गा.वि.स. वडा नं. ९, हाल काठमाण्डौ जिल्ला बूढानीलकण्ठ नगरपालिका वडा नं. ६

२. श्री नानु श्रेष्ठ (खड्का), साविक खड्का भद्रकाली गा.वि.स वडा नं. २, हाल काठमाण्डौ जिल्ला बूढानीलकण्ठ नगरपालिका वडा नं. ७

३. श्री धनबहादुर विश्वकर्मा, स्याङ्जा जिल्ला, विचारी चौतारी-८, हाल काठमाण्डौ जिल्ला बूढानीलकण्ठ नगरपालिका वडा नं. २

४. श्री गणेश प्रसाद न्यौपाने, साविक ताप्लेजुङ्ग जिल्ला, फुङ्गलिङ्ग गा.वि.स-१, हाल काठमाण्डौ जिल्ला बूढानीलकण्ठ नगरपालिका वडा नं. ५

६. श्रीमती राधा खड्का, साविक विष्णु गा.वि.स वडा.नं. २, हाल काठमाण्डौ जिल्ला बूढानीलकण्ठ नगरपालिका वडा नं. २

आज्ञाले,

**सुरेश मान श्रेष्ठ**

नेपाल सरकारको सचिव





अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको सूचना

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३ख. को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी बाँके जिल्ला अदालत र रुपन्देही जिल्ला अदालतलाई अतिरिक्त समय काम गर्ने अदालतको रुपमा समेत तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
**श्रीकान्त पौडेल**
का.मु. रजिष्ट्रार

## निर्वाचन आयोगको
## सूचना १

निर्वाचन आयोगबाट २०७१ माघ १५ देखि २०७१ चैत्र मसान्तभित्र देशका प्रत्येक गाउँ विकास समिति तथा नगरपालिका वडाहरुमा फोटो सहितको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम शुरु गर्न लागिएको छ । उक्त अवधिभित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयबाट सूचित गरेको समयमा आफनो तोकिएको नाम दर्ता केन्द्रमा उपस्थित भई फोटो सहितको नाम दर्ता गराउन, मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन र अद्यावधिक गर्न निवेदन दिन सर्वसाधारणको जानकारीको लागि मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (३) बमोजिम देहायको सूचना प्रकाशन गरिएको छ ।

(क) उक्त अवधिभित्र उपयुक्त मितिमा प्रत्येक गाउँ विकास समिति तथा नगरपालिका वडाहरुमा दुई दिनको नामदर्ता शिविर संचालन हुने व्यहोराको जानकारी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयबाट पुनः सूचनाहरु प्रकाशित गरी उपलब्ध गराइनेछ ।

(ख) मतदाता नामावली सङ्कलन गर्ने क्रममा १६ वर्ष उमेर पुरा भई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी यस अघि मतदाता



४८८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामावलीमा नाम दर्ता नगराएका नेपाली नागारिकको विवरण सङ्कलन गरिनेछ ।

(ग) मतदाता नामावलीमा नाम दर्ता भई १८ वर्ष उमेर पुगेका नेपाली नागरिकको फोटो सहितको मतदाता नामावली तयार हुनेछ र यसै नामावलीबाट मात्र आगामी निर्वाचनमा मतदान गर्न पाइनेछ ।

(घ) मतदाता नामावली विवरण उपर दावी विरोधको कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

## सूचना २

निर्वाचन आयोगले **"नेपाल लोकतान्त्रिक जनता कांग्रेस"** राजनीतिक दललाई निर्वाचन प्रयोजनको लागि दर्ता गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुने गरी हाललाई राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को दफा ७ को उपदफा (३) बमोजिम आयोगको दल दर्ता किताबमा दर्ता गर्ने निर्णय गरेकोले सोही दफाको उपदफा (५) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
**मधुप्रसाद रेग्मी**
सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु.१०।-
गो.हु.द.नं. १६।०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।